**माछापुच्छ्रे गाउँपालिका प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४**

**प्रमाणीकरण मिति : २०७४/..**

**स्थानिय राजपत्रमा पकाशित मिति : २०७४/..**

**<u>२०७४ सालको ऐन नं...</u>**

**<u>प्रस्तावना :</u>** संविधानको अनुसूची ८ र ९ स्थानीय सरकार सचालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकारका विषयमा आवश्यक कानुन बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम माछापुच्छ्रे गाउँपालिका सभाले यो ऐन बनाएको छ ।

**१. <u>संक्षिप्त नाम, विस्तार र प्रारम्भ</u>** : (१) यो ऐनको नाम माछापुच्छ्रे .गाउँपालिका प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०७४ रहेको छ ।

(२) यो ऐन माछापुच्छ्रे गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) ऐन भन्नाले माछापुच्छ्रे गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ

(ख)कार्यपालिका भन्नाले माछापुच्छ्रे गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) गाउँपालिका भन्नाले माछापुच्छ्रे गाउँपालिका सम्झनु पर्छ ।

(ङ) सभा भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनु पर्छ ।

(च) संविधान भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

**(३) <u>नियम बनाउने अधिकार</u>** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिका तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नका निमित्त माछापुच्छ्रे गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियम बनाउदा संघीय तथा प्रदेश कानुन बमोजिम स्थानिय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

**४. <u>निर्देशिका, कार्यविधी र मापदण्ड बनाउन सक्ने</u>** : (१) संविधान, ऐन तथा यस अन्तरगत बनेको नियमावलीको अधिनमा रही माछापुच्छ्रे गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधी र मापदण्ड बनाई लागु गर्न सक्नेछ ।